# मध्यपुर थिमि नगरपालिका कार्यालय

मध्यपुर थिमि, भक्तपुर


पत्र संख्या : ०७१/०७२
च.नं. :-

## सुचना

**बिषय** : *घर नक्सा डिजाईन सम्बन्धमा*

उपरोक्त सम्बन्धमा यस नगरपालिकाले राष्ट्रिय भवन संहिता लागु गरेको हुदा घर नक्सा पासका लागि नगरपालिका समक्ष आवेदन पेश गर्दा मिती २०७१ साल भाद्र १५ गते देखि तपसील बमोजिमको बिस्तृत डिजाईन हुनुपर्ने गरि पेश गर्न हुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

## तपसील

भवन ऐन २०५५ (पहिलो संशोधन २०६४) अनुसार यस मध्यपुर थिमि नगरपालिकामा राष्ट्रिय भवन संहिता लागू गरिएको छ।जसमा उल्लेखित दफा ८ अनुसार भवनलाई देहाय बमोजिम चार वर्गमा वर्गीकरण गरिएको छ-

(क) "क" वर्ग : विकसित मुलुकमा अपनाइएका भवन संहिता समेतको अनुसरण गरी इण्टरनेशनल स्टेट अफ आर्टमा आधारित हुने गरी बनाइने अत्याधुनिक भवनहरु।

(ख) "ख" वर्ग :प्लीन्थ एरिया एक हजार वर्गफीटभन्दा बढी, भुइँतला सहित तीन तलाभन्दा बढी वा स्ट्रक्चरल स्पान ४.५ मीटर भन्दा बढी भएका महत्वपूर्ण भवनहरु।

(ग) "ग" वर्ग : प्लीन्थ एरिया एक हजार वर्गफीट सम्म, भुइँतला सहित तीन तला सम्म र स्ट्रक्चरल स्पान ४.५ मीटर सम्म भएका तथा कुनै पनि दिशामा कम्तिमा २ Bay भएका आवासिय भवनहरु।

(घ) "घ" वर्ग : खण्ड (क), (ख),(ग) मा लेखिएदेखि बाहेकका काँचो वा पाको ईट्टा, ढुङ्गा, माटो, बाँस, खर आदि प्रयोग गरी दुई तलासम्म बनाइने साना घर, छाप्राहरु।

**यसै वर्गिकरणमा रही डिजाइनर तथा भवन निर्माणकर्ताले नक्सा पेश गर्दा निम्न कुराहरु ध्यान दिनुपर्ने छ।**

- नक्सा पेश गर्दा A3 भन्दा कमको हुन नहुने र पेश हुने नक्साहरु समान साइजका सिट मा पेश गर्नुपर्ने छ।जस्तै: Architecture नक्साको प्रथम Sheet जुन साइजमा छ,सबै Architecture नक्साहरु सोही Sheet साइजमा अनिवार्य रुपले हुनु पर्ने छ र Structural, Sanitary र Electrical का नक्साहरु पेश गर्दा सोही प्रकारले पेश गर्नुपर्ने छ।
- स्यानिटरी तथा इलेक्ट्रिकल ड्रइङ तथा डिटेलिङ "क" र "ख" वर्गका भवनहरुका लागि अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।
- पुनश्च: यसमा दिइएका फारमहरु भन्दा कुनै ड्रइङ डिटेलिङ थप भएमा नक्साहरु थप्न सकिनेछ।